## विपद् साहसिक पुरस्कार वितरण कार्यविधि, २०८०

**प्रस्तावना:** कर्णाली प्रदेशमा घट्ने विभिन्न प्रकारका विपद्का घटनामा खोज, उद्दार, राहत र पुनर्स्थापनाका कार्यमा संलग्न व्यक्तिको साहसिक कार्यको उच्च प्रशंसा गर्दै निजलाई पुरस्कृत र सम्मान गरी विपद् व्यवस्थापनका कार्यमा नागरिकको स्वतः स्फूर्त सहभागिता अभिवृद्धि गर्न वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश विनियोजन ऐन, २०८० को दफा ९ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी कर्णाली प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालयले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "विपद् उद्दार साहसिक पुरस्कार वितरण कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "पुरस्कार" भन्नाले विपद् उद्दार साहसिक पुरस्कार सम्झनु पर्छ।

(ख) "मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ।

(ग) "विपद्" अन्तर्गतः-

(१) "प्राकृतिक विपद्" भन्नाले हिमपात, असिना, हिमपहिरो, हिमताल विस्फोटन, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो तथा भू-स्खलन, डुबान, खडेरी, आँधी, हुरी बतास, शीतलहर, तातो हावाको लहर, चट्याङ्ग, भूकम्प, ज्वालामुखी बिस्फोटन, डढेलो वा यस्तै अन्य प्राकृतिक विपद्बाट उत्पन्न जुनसुकै विपद् सम्झनु पर्छ।

(२) "गैरप्राकृतिक विपद्" भन्नाले महामारी, अनिकाल, डढेलो, कीट वा सूक्ष्म जीवाणु आतङ्क, पशु तथा चराचुरुङ्गीमा हुने फ्लू, सर्पदंश, जनावर आतङ्क, खानी, हवाई, सडक, जल वा औद्योगिक दुर्घटना, आगलागी, विषाक्त ग्यास, रसायन वा विकिरण चुहावट, ग्याँस विष्फोटन, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदूषण, वन विनाश वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना वा यस्तै अन्य गैर प्राकृतिक विपद्बाट उत्पन्न विपद् सम्झनु पर्छ।

(घ) "समिति" भन्नाले दफा ३ बमोजिम गठन भएको पुरस्कार वितरण छनौट समिति सम्झनु पर्छ।

३. **पुरस्कार वितरण छनौट समितिको गठन:** (१) यस कार्यविधि बमोजिमको पुरस्कार रकम वितरणको लागि देहाय बमोजिमको पुरस्कार वितरण छनौट समिति रहनेछः-

| | |
|---|---|
| (क) सचिव, मन्त्रालय | -संयोजक |
| (ख) कम्तिमा नौ तह वा सो सरहको अधिकृत, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | -सदस्य |
| (ग) प्रतिनिधि, उत्तर पश्चिम पृतना हेडक्वाटर, नेपाली सेना | -सदस्य |

कानून अधिकृत

नि. सचिव

मन्त्री

(घ) प्रतिनिधि, प्रदेश प्रहरी कार्यालय -सदस्य

(ङ) प्रतिनिधि, सशस्त्र प्रहरी बल, कर्णाली प्रदेश -सदस्य

(च) प्रतिनिधि, नेपाल रेडक्रस, कर्णाली प्रदेश -सदस्य

(छ) शान्ति सुरक्षा तथा विपद् व्यवस्थपान महाशाखा प्रमुख, मन्त्रालय -सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार बैठकमा विषय विज्ञ वा सम्बन्धित निकायका पदाधिकारीलाई आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिले बैठक सम्बन्धी कार्यविधि आफैं निर्धारण गर्नेछ।

४. समितिको काम कर्तव्य र अधिकारः (१) समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम रहनेछः-

(क) विपद्का बेला उद्दार कार्यमा खटेका व्यात्तिको पहिचान गरी विवरण संकलन गर्ने,

(ख) खण्ड (क) बमोजिमको व्यक्तिको योगदानको बारेमा जानकारी लिने,

(ग) खण्ड (ख) बमोजिमका व्यक्तिको योगदानको विश्लेषण गरी प्राथामिकता निर्धारण गर्ने,

(२) समितिले पुरस्कार वितरण गर्ने प्रयोजनका लागि माथिल्लो प्रथमिकता क्रममा परेका बढीमा तीन जना योग्य व्यक्ति वा संस्थाको नाम मन्त्रालय समक्ष सिफारिस गर्नुप्र्नेछ।

(३) समितिले पुरस्कारका लागि कर्णाली प्रदेश बाहिरको व्यक्तिलाई पनि उपदफा (२) बमोजिम सिफारिस गर्न सक्नेछ।

तर सिफारिस भएको व्यक्तिले कर्णाली प्रदेशभित्रका जिल्लाभित्र यस कार्यविधि बमोजिमको कार्य गरेको हुनुपर्छ।

(४) यस दफा बमोजिम पुरस्कार वितरण गर्ने प्रयोजनको लागि मन्त्रालयले प्रदेशका मन्त्रालय र जिल्ला प्रशासन कार्यालयलाई दफा ५ को आधारमा पुरस्कारको लागि व्यक्ति वा संस्थाको नाम सिफारिस गर्न पैंतीस दिनको समयावधि दिई पत्राचार गर्नुपर्नेछ।

५. पुरस्कार वितरणको लागि लिइने आधारः (१) यस कार्यविधि बमोजिम पुरस्कार वितरणका लागि देहायका आधार लिइनेछः-

(क) विपद्मा परेका नागरिकको उद्दार कार्यमा प्रत्यक्ष रुपमा संलग्न भएको,

(ख) विपद्मा परी क्षतविक्षत भएका भग्नावशेषलाई हटाएर त्यहाँभित्र फसेका नागरिकको उद्दार कार्यमा प्रत्यक्ष रुपमा संलग्न रहेको,

(ग) विपद्का समयमा नागरिकको जीउधनको सुरक्षामा निरन्तर खटेको,

(घ) विपद्मा परी मृत्यु भएका मृतकको खोजी गर्ने कार्यमा प्रत्यक्ष रुपमा संलग्न रहेको,

(ङ) विपद्को समयमा असुरक्षित स्थानमा रहेका विपद् प्रभावित व्यक्तिलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न सहयोग पुऱ्याएको,

(२) उपदफा (१) मा उल्लिखित आधारका अतिरिक्त सबैभन्दा बढी जोखिम बहन गरी विपद् उद्दार कार्यमा खटिएको व्यक्तिलाई प्राथमिकता दिइनेछ।

(३) उपदफा (२) बमोजिमको उद्दार कार्यमा संलग्न रहेको व्यक्तिको मृत्यु हुन गएमा निजलाई समेत छनौट कार्यका लागि प्रथामिकतामा राख्नुपर्नेछ।

(४) उपदफा (१) मा उल्लिखित आधार मध्ये सबैभन्दा बढी आधार पूरा गरेको व्यक्तिलाई यस कार्यविधि बमोजिम पुरस्कारको लागि नाम सिफारिस गर्दा प्राथमिकतामा राख्नुपर्नेछ।



कानून अधिकृत नि. सचिव मन्त्री

६. <u>पुरस्कारको स्वीकृति तथा वितरणः</u> (१) समितिले सिफारिस गरेका पुरस्कार प्राप्त गर्न योग्य व्यक्तिको नाम मन्त्रालयले स्वीकृत गर्नेछ।

(२) उपदफा (१) बमोजिम पुरस्कारको लागि सिफारिस भएका व्यक्तिलाई मन्त्रालयले महत्वपूर्ण अवसर वा दिवसमा पुरस्कृत गर्नेछ।

७. <u>पुरस्कारको रकमः</u> (१) पुरस्कार वापत प्रत्येक व्यक्तिलाई जनही पचास हजार रुपैयाँ रकम सहित प्रमाणपत्र प्रदान गरिनेछ।

(२) दफा ५ को उपदफा (३) बमोजिमको व्यक्ति पुरस्कृत हुने भएमा निजको सबैभन्दा नजिकको प्रचलित कानून बमोजिमको हकवालालाई पुरस्कार वितरण गरिनेछ।

(३) यस दफा बमोजिमको पुरस्कारको रकममा प्रचलित कानून बमोजिम कर लाग्नेछ।

८. <u>बाधा अड्काउ फुकाउन सक्नेः</u> यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ उत्पन्न भएमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

९. <u>खारेजी र बचाऊः</u> (१) विपद् साहसिक पुरस्कार वितरण कार्यविधि, २०७९ खारेज गरिएको छ।

(२) विपद् साहसिक पुरस्कार वितरण कार्यविधि, २०७९ बमोजिम भए गरेका काम कारवाही यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

कानून अधिकृत

नि. सचिव

मन्त्री